JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara
PH: 061-528812, 523093
Mobile: 9856031631, 9846124153
E-mail: info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५२०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ६१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत २ गते सोमबार ❑ 15 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।–

## माओवादी केन्द्रीय कमिटी बैठकमा मन्त्रीलाई पद त्याग गरी फिर्ता हुन निर्देशन

**रासस**
**काठमाडौं, १ चैत**

नेपाल कम्युनिष्ट पार्टी (माआवादी केन्द्र) को केन्द्रीय कमिटीले स्थायी कमिटीको प्रस्ताव गरेअनुसार अहिलेसम्म मन्त्री पदमा रहेका नेतालाई पद त्याग गरेर सरकारबाट फिर्ता हुन निर्देशन दिएको छ।

बैठकले पार्टीका केन्द्रीय कमिटीलगायत विभिन्न कमिटीमा रहेका सदस्य अर्को पार्टीमा रहेको भन्ने सार्वजनिक सूचना प्राप्त भएकाले माआवादी केन्द्रमा रहेको हो होइन, आफ्नो पार्टी कुन हो स्पष्ट गर्न स्पष्टीकरण माग्ने निर्णय पनि बैठकले गरेको प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिए। जारी बैठकपछि पत्रकारसँग प्रवक्ता श्रेष्ठले विभिन्न राजनीतिक दलसँग वार्ता र छलफललाई भने निरन्तरता दिने जानकारी दिए । बैठकमा सहभागी एक नेताका अनुसार बैठकमा मन्त्रीबाट फिर्ता नभए अनुशासनको कारवाही गर्ने विषयमा समेत छलफल भएको जानकारी दिएका छन् । बैठक सोमबार पुनः बस्नेछ । बैठकको शुरुआतमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्तमान राजनीतिक परिस्थिति कम्युनिष्ट पार्टीमाथि भएको आक्रमणको स्थिति, पार्टी र कम्युनिष्ट आन्दोलनमा देखापरेको चुनौती र भावी कार्ययोजनाबारे समीक्षात्मक जानकारी गराउनु भएको प्रवक्ता श्रेष्ठले सुनाए । बैठकमा पार्टी केन्द्रीय कार्यालयका तर्फबाट रिपोर्टिङ गर्दै उहाँले पार्टी र नेपाली कम्युनिष्ट आन्दोलनको विषयमा ब्रिफिङ गरेका थिए। उनले पार्टीलाई क्रान्तिकारी दिशातर्फ लैजाने विषयमा बैठकमा आफ्नो भनाइ प्रस्तुत गर्नुभएको थियो । बैठकमा सहभागी नेताले पार्टीको नाम फेर्ने विषयसमेत उठेको जानकारी दिए। श्रेष्ठका अनुसार बैठकले वर्तमान परिस्थिति पार्टीको अवस्था र नेपाली कम्युनिष्ट अन्दोलनबारे केन्द्रीय कार्यालयबाट रिपोर्टिङ गर्ने, सङ्गठानात्मक अवस्था र समसामयिक परिस्थितिबारे सबै प्रदेशबाट जानकारी गराउने, केन्द्रीय कमिटीका सबै सदस्यले वर्तमान सन्दर्भमा पार्टी र आन्दोलनलाई कसरी अगाडि बढाउने भन्ने सन्दर्भमा सुझावात्मक टिप्पणी गर्ने, सङ्गठनात्मक काम र पार्टी विधान संशोधन तथा पार्टी अनुशासन, राष्ट्रिय भेला कम्युनिष्ट आन्दोलन एकीकरणका विषयका कार्यसूची पास गरेको छ।

उक्त कार्यसूची अनुसार आइतबारको बैठकमा प्रदेशबाट नेताहरूले सङ्गठनको स्थिति र वर्तमान अवस्थाका बारेमा रिपोर्टिङ गरेका थिए । बैठकमा प्रदेश नं १ र २ बाट सह-इन्चार्जद्वय सावित्रीकुमार काफ्ले र विश्वनाथ शाह, वाग्मती प्रदेशबाट अध्यक्ष नारायण दाहाल, गण्डकी प्रदेशबाट अध्यक्ष हितराज पाण्डे, लुम्बिनी प्रदेशबाट अध्यक्ष ओनसरी घर्ती, कर्णाली प्रदेशबाट सचिव मायाप्रसाद काफ्ले र सुदूरपश्चिम प्रदेशबाट सचिव लेखबहादुर चौधरीले वर्तमान अवस्थाका बारेमा रिपार्टिङ गरेका थिए । बैठकमा उपत्यका विशेष कमिटीका इन्चार्ज लीलामणि पोखरेल, प्रदेश सम्पर्क समन्वय कमिटीबाट अध्यक्ष प्रल्हाद बुढाथोकी र प्रवास समन्वय कमिटीबाट अध्यक्ष युवराज चौलागाईंले सङ्गठनको स्थिति र वर्तमान अवस्थाबारे जानकारी गराएका थिए। बैठकमा सहभागी केन्द्रीय कमिटी सदस्य ईश्वरीप्रसाद भट्टराईले पार्टी अब नयाँ ढङ्गबाट अघि बढाउनेमा सबै नेताहरू दृढ रहेको र सोही अनुसार केन्द्रीय कमिटी बैठक शुरु भएको जानकारी दिए । उनका अनुसर आइतबार एजेन्डामा मात्रै प्रवेश गरेकाले सोमबारदेखि मिहीनरुपमा छलफल हुने जानकारी गराए । भट्टराईले भने, "सङ्गठनलाई सुदृढ बनाउने जनतामा जानुपर्छ भनेर अब नेताहरूले सोच्नुपर्छ, दलाल प्रवृत्तिलाई छाडेर बल प्रयोगका कुरामा जानुपर्छ ।" बैठक सोमबार ११ बजे पुनः बस्नेछ। सोमबार केन्द्रीय कमिटीका सदस्यले रिपोर्टिङ गर्ने कार्यक्रम छ।

## सत्ता होइन व्यवस्था जोगाउनतिर लाग्नुपर्छ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**बेनी, १ चैत**



नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले कांग्रेसले व्यवस्था जोगाउनतिर भूमिका खेल्नुपर्ने बताएका छन्।

कांग्रेस म्याग्दीका पूर्वसभापति डा भूपेन्द्रबहादुर खड्काको छैटौं पुन्यतिथिमा आइतबार जिल्ला सदरमुकाम बेनीमा आयोजित श्रद्धाञ्जलि सभालाई सम्बोधन गर्दै उनले भने, "लामो सङ्घर्षबाट अहिलेको व्यवस्था परिवर्तन भएको हो, यसमा कांग्रेसको ठूलो योगदान छ, हाम्रो पार्टीले सत्ता होइन, व्यवस्था जोगानुपर्छ ।" कांग्रेसले आफ्नो सिद्धान्त र एजेण्डालाई जनताले बुझ्ने गरी लैजान नसक्दा बिपी कोइरालाकै एजेण्डा बोकेर कम्युनिष्टले दुई तिहाइ नजिकको मत ल्याएको नेता पौडेलले जिकिर गरे । "गम्भीर समीक्षा गर्नुपर्छ, हामीले हाम्रो सिद्धान्त र दर्शनलाई ठीकसँग व्यवहारमा पनि उतार्न सकेनौं र ठीकसँग जनतालाई बुझाउन पनि सकेनौं, त्यसले हामी गुपचुमा बस्नु हुँदैन्", नेता पौडेलले भने । उनले कांग्रेस प्रजातन्त्रवादीसँगै समाजवादी रहेको जिकिर गर्दै किसानको पार्टी र श्रमिकको साथि कांग्रेस नै भएको ठोकुवा गरे । कांग्रेसले समयमै निचोड निकाल्न नसक्दा कम्युनिष्ट पार्टीको अलोकतान्त्रिक सरकार ढाल्न नसकिएको नेता पौडेलको भनाइ थियो।

"कांग्रेसले समयमै ढुलमुल नगरेको भए सङ्घीयसँगै वाग्मती र प्रदेश-१ का सरकार ढाल्न सकिन्थ्यो तर त्यो अवसर फुत्कियो", नेता पौडेलले भने कांग्रेसले आफू निर्णायक बन्ने अवसर गुमाएको बताउँदै उहाँले पार्टीले आफ्नो स्पष्ट नीति र विचारलाई अघि बढाउनुपर्ने धारणा राखे।

## दिगो विकास मापदण्ड लक्ष्यअघि पूरा गर्छौं : प्रधानमन्त्री ओली

**रासस**
**काठमाडौं, १ चैत**

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालले दिगो विकास लक्ष्यका मापदण्ड सन् २०३० अघि नै पूरा गरिने बताएका छन्।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा आज आयोजित 'प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम' शुभारम्भ समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले लक्ष्यअघि नै दिगो विकास पूरा हुने प्रचुर सम्भावना रहेको बताए । नेपाल अहिले विकासशील देशमा सिफारिश भइसकेको छ। नेपालको विकासको गतिलाई तीव्र बनाइएको बताउँदै उनले भने, "यो शुभारम्भ कार्यक्रम राष्ट्रिय अभियान हो, ऐतिहासिक क्षण र गौरवको अभियान हो । परिपक्व ढङ्गले तीव्रताका साथ अघि बढाएर अभियान सफल बनाउन सङ्घ, प्रदेश तथा स्थानीय तहलाई हार्दिक आग्रह गर्दछु ।" प्रधानमन्त्री ओलीले जनताको जीवन सुरक्षित, खुशी र सुखी हुने चाहनालाई केन्द्र भागमा राखेर दुःखकष्ट समाप्त पार्ने र सुखानुभूतिको सिर्जना गर्ने उद्देश्यले सरकारले प्रादेशिक तथा स्थानीय सडक निर्माण र सुधार कार्यक्रम शुभारम्भ गरेको बताए। तीन सय ९२ ठाउँबाट आवेदन प्राप्त भएको जनाउँदै उनले पक्की ठाउँबाट आएका मागको स्तरवृद्धि हुने तथा विशेषगरी नयाँ सडक निर्माण गरी बाटामा सङ्केत चिह्न राख्ने र चालक एवं ट्राफिक तालीम दिइने बताए।

प्रधानमन्त्री ओलीका अनुसार अब बन्ने सडक फराकिला सुरक्षित हुने छन् । प्राविधिक कारण सडक निर्माणमा हुने त्रुटिले दुर्घटना हुने भएकाले अब त्यस्तो नहुने गरी योजना अघि बढाइएको उनले जानकारी दिए । उनले हवाई यातायात, सडक, केबुलकार, मैदान सुधार विस्तारलाई अघि बढाएर हरेक पालिकामा हेलिप्याड र पोखरी बनाउने कार्यमा जोड दिइएको जनाउँदै कृषिको आधुनिकीकरण, स्वास्थ्य र पर्यटनका लागि पनि सरकार अघि बढिरहेको बताए । नेपाललाई खुला दिसामुक्त देश बनाइसकिएको बताउँदै प्रधानमन्त्री ओलीले भौतिक विकासका माध्यमबाट सामाजिक विकासलाई नयाँ उचाइमा उठाउन सकिने विश्वास व्यक्त गरे । दक्षिण एशियामा नेपाल पहिलो डिजिटल देशमा परिणत भएकाले नेपाल आधुनिक प्रविधिमा अघि बढेको उनले जनाए । उनले भने, "स्वास्थ्य अवस्था कमजोर भए पनि हाल पाँच लाखभन्दा बढीले कोरोनाले भ्याक्सिन लिएका छन्। मन्त्रालय काममा जुटेको छ, कर्मचारीले काममा तीव्रताका साथ ध्यान दिएका छन् । अब २१० तहमा थप तीव्रता आउने छ।"

## कांग्रेसको काँधमा जिम्मेवारी आएको छ : देउवा

**रासस**
**काठमाडौं, १ चैत**

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले मुलुकलाई निकास दिन कांग्रेसको काँधमा जिम्मेवारी आएको बताएका छन्।

बारा निर्वाचन क्षेत्र नं १ प्रदेशसभा (ख) को बेलदारीमा पार्टी नेता खुमबहादुर खड्काका स्मृतिमा आयोजित अन्तरराष्ट्रिय कुस्ती प्रतियोगिताको बेलदारीमा आज उद्घाटन गर्दै सभापति देउवाले सहमति, सहकार्य र एकताका माध्यमबाट प्रजातन्त्रमा विश्वास गर्ने सम्पूर्ण लोकतान्त्रिक शक्तिलाई मिलाई पार्टी अघि बढ्ने जानकारी दिए। पूर्वप्रधानमन्त्री देउवाले लोकतन्त्र जीवन्त रहे लोकतान्त्रिक पार्टीहरूको भविष्य रहने भन्दै संविधानको रक्षाका लागि आफ्नो पार्टी पूर्णरुपमा प्रतिबद्ध रहेको बताए। उनले भने, "देशलाई कांग्रेसको खाँचो रहेको हुँदा हामी सबै कांग्रेस पार्टीको एक स्वर हुन जरुरी छ, जनताको विश्वास र भरोसा कांग्रेसले दिनुपर्ने बेला आएको छ।" उनले विकास, समृद्धिसँगसँगै विधिको शासन कायम गरी भ्रष्टाचारमुक्त समाजको परिकल्पना गर्नु नै मुलुकका लागि हितकर हुनेमा जोड दिए । खेलकूद विभागका केन्द्रीय सदस्य मणिभूषण यादवको अध्यक्षतामा सम्पन्न सो उद्घाटन कार्यक्रममा पूर्वमन्त्री मोहन बस्नेत, फरमुल्ला मंसुर, उमाकान्त चौधरी, कांग्रेसका केन्द्रीय सदस्यहरु बृजलाल यादव, राधेचन्द्र यादव, जिल्ला सभापति जयचन्द्र चौरसियालगायतले संविधान र प्रजातन्त्रका लागि कांग्रेस जिम्मेवारी वहन गर्नुपर्ने समय आएको तर्क गरे।

## अबैध रुपमा चन्दा संकलन गर्दै हिडेका पक्राउ

**पोखरापत्र संवाददाता**
**पोखरा, १ चैत**

पोखरामा अबैध रुपमा चन्दा संकलन गर्दै हिडेका ५ जना व्यक्ति पक्राउ परेका छन्।

गोप्य सूचनाको आधारमा वडा प्रहरी कार्यालय रामबजारबाट खटिएको प्रहरीको टोलीले फागुन २९ गते दिउँसो करिब ४:०० बजे पोखरा महानगरपालिका वडा नं. १ नयाँगाउबाट ६० बर्षीय एब बृद्ध सहित ५ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी प्रवक्ता डि.एस.पी.सुवास हमालले बताए । पोखराको मितेरीटोल स्थित मितेरीपुल नजिक लामा पोशाकमा टाशी छोग्याल गुम्बा गजुरा न.पा. २ कटानी रौतहटको रसिद लिई अबैध रुपमा रकम चन्दा संकलन गर्दै गर्दा प्रहरीको टोलीले मकवानपुर बैया गाँउपालिका १ स्थायी घर भई हाल पोखरा ९ पृथ्वीचोक बस्ने ६० बर्षका धनबहादुर लामा सहित ५ जनालाई पक्राउ गरेको हो । त्यसै गरी बकैयाकै हाल पोखरा पृथ्वीचोक बस्दै आएका अन्य चार जना प्रहरीले पक्राउ गरेको हो । पक्राउ पर्नेहरुमा ३७ बर्षीय छिरिङ भन्ने निमा तामाङ, ३५ बर्षका पदम बहादुर लामा, २६ बर्षका विजय, ३५ बर्षका जित बहादुर थिङ रहेका छन्।

उनीहरुको साथबाट प्रहरीले ४२ हजार ४ सय ९१ रुपैया, टाशी छोग्याल गुम्बा लेखिएको रसिद १२ ठेली, बिभिन्न कम्पनीका ७ थान मोवाइल बरामद गरिएको डि.एस.पि. हमालद्धारा जारी गरिएको प्रेस विज्ञेप्तिमा उल्लेख गरिएको छ। उनीहरुलाई ठगी सम्बन्धी कसुर अन्तरगत थप अनुसन्धानको कार्य अगाडी बढाईएको प्रहरीले जनाएको छ।

## विपद् व्यवस्थापनका लागि 'विपद् पोर्टल' सञ्चालन

**पोखरापत्र संवाददाता**
**वालिङ, १ चैत**

स्मार्ट सिटीको अवधारणामा अगाडि बढ्दै गरेको स्याङ्जाको वालिङ नगरपालिकाले विपद् व्यवस्थापनमा जोड दिँदै 'विपद् पोर्टल' सञ्चालनमा ल्याएको छ।

विपद्सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने, प्रविष्टि गर्ने र प्रतिवेदनमा संलग्न जनशक्तिलाई पोर्टल प्रयोग गर्न सहजीकरण गर्ने, विपद् व्यवस्थापनसम्बन्धी तथ्याङ्कलाई एकरूपता प्रदान गर्ने र पोर्टलको उपयोगिता बढाउन सहयोग पुऱ्याउने उद्देश्यले 'विपद् पोर्टल' निर्माण गरी सञ्चालनमा ल्याइएको नगरपालिकाका सूचना प्रविधि शाखा प्रमुख इन्जिनीयर प्रकाश अर्यालले बताए । युथ इनोभेसन ल्याब प्रालि काठमाडौंको प्राविधिक सहयोगमा निर्माण गरिएको पोर्टलको प्रयोगले जोखिम न्यूनीकरणका लागि महत्वपूर्ण भूमिका खेल्ने उनले बताए।

सम्भावित जोखिमयुक्त स्थानमा रहेका वालिङका नागरिकको विपद्कै कारण जनधनको क्षति हुन नपाओस् भन्नका लागि एकै ठाउँबाट विपद् पूर्वको अवस्थाका बारेमा जानकारी दिइने उनले बताए । "यस पोर्टललाई थप व्यवस्थित बनाउँदै आगामी दिनमा सेन्सर जडान गरी 'अर्ली वार्निङ सिस्टम' मार्फत नागरिकलाई थप सुसूचित गराई जनधनको क्षति हुनबाट जोगाउने तयारी छ", उनले भने । 'विपद् पोर्टल' एकीकृत विपद् सूचना व्यवस्थापन प्रणाली हो। यो पोर्टल नेपाल सरकारको गृह मन्त्रालयले आरम्भ गरेको र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्वामित्वमा रहेको युथ इनोभेसन ल्याबका कार्यकारी निर्देशक प्रदीप खतिवडाले बताए।

"विपद् जोखिम व्यवस्थापनका क्षेत्रमा पूर्वतयारी तथा जोखिम न्यूनीकरण कार्य गर्नलाई सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने र सङ्कलित तथ्याङ्कको प्रयोगका लागि ' विपद पोर्टल'ले विशेष महत्व दिएको छ", ल्याबका निर्देशक खतिवडाले भने, "विपद्का सूचना तथा तथ्याङ्क एकै ठाउँबाट सबैले जानकारी पाउन सक्ने, हरेक घटनाको व्यवस्थापन र राहत वितरण कार्यसमेत नदोहोरिने गरी प्रभावकारी तरिकाले कार्य गर्नका लागि पोर्टल सञ्चालन गरिएको हो।"

'विपद् पोर्टल' मा विपद्सम्बन्धी विभिन्न विधाका सूचना तथा तथ्याङ्क एकीकृत गरी व्यवस्थापन गरिन्छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यका लागि सूचना तथा तथ्याङ्कको आवश्यकतानुसार प्रयोग गर्न सकिने छ। स्थानीय तहमा रहेका स्रोत र साधन, घटनाको विवरण, क्षतिको विवरण आदिको जानकारी दिन र लिन सकिने गरी सूचना व्यवस्थापन प्रणालीलाई व्यवस्थापन गरिएको ल्याबका निर्देशक खतिवडाले बताए।



# रेडियो अन्नपूर्णको रक्तदान कार्यक्रम सम्पन्न गर्न विभिन्न उपसमिति गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, १ चैत**

रेडियो अन्नपूर्णले यही चैत २१ गते शनिबार पोखरामा आयोजना गर्ने रंत्तदान कार्यक्रमलाई भव्य एवं सभ्य रुपमा सम्पन्न गर्नको लागि विभिन्न उपसमितिहरु गठन गरेको छ। रेडियोका स्टेशन म्यानेजर संजय मल्लको अध्यक्षतामा आइतबार बसेको बैठकले विभिन्न उपसमितिहरु गठन गरेको हो।

जीवन बचाउन, गरौं रक्तदान ! भन्ने नारा सहित आयोजना हुने उत्त कार्यक्रम सफल पार्न संघ संस्था परिचालन संयोजकमा द्धय माधव बराल र आरजु शिष्ट शल्यानी, प्रचार संयोजकमा द्धय सन्तोस बस्याल र कृष्ण सुवेदी, प्रमाणपत्र वितरण एवं छपाई संयोजकमा अगन्धर सुवेदी, जलपान व्यवस्थापनमा शोभा नेपाल, प्राविधिक संयोजकमा नारायण कुइकेल, स्वयम सेवक परिचालन संयोजकमा कविता श्रेष्ठ, रक्तदान कार्यक्रमको प्रत्यक्ष प्रशारण संयोकजमा कन्चन थापा, रक्तदानको प्रमोशनल कार्यक्रमका संयोजकमा सरिता पहारी रहेका छन्। रेडियोले सामाजिक उत्तरदाहित्व अर्न्तगत यस बर्ष पनि चैतको तेश्रो शनिबार आयोजना हुने उत्त कार्यक्रमको तयारी तिव्र पारिएको कार्यक्रम संयोजक दीननाथ बरालले बताए । रेडियोले यस बर्ष पनि आफ्ना शुभेच्छुकहरुको साथ र सहयोगले नयाँ रंत्तदाताहरुको खोजि गर्ने अभियानमै रहेको संयोजक बरालले जनाए।

उक्त कार्यक्रममा प्राविधिक सहयोग नेपाल रेडक्रस सोसाइटी कास्की, क्षेत्रिय रक्त संचार सेवा, पोखराले गर्ने भएको छ । त्यसै गरी उत्त कार्यक्रमलाई सफल पार्न फिस्टेल हस्पिटल, नेलम्वो नेपाल, पोखरा इन्टरनेट प्रा.लि., सपना आयूर्वेद प्रा.लि., लायन्स क्लब अफ पोखरा गण्डकी दोभान पोखरा, लायन्स क्लव अफ पोखरा सेन्टिनियल पोखरा, एक्टिभ इन्स्टिच्यूट अफ इन्फर मेसन टेक्नोलोजी पोखरा, बाजेको माछा महल शान्तिनगर पोखरा, गैह्रापाटनको तालबाराही फार्मेसी, न्यू राष्ट्रिय छापाखाना पोखराले सहयोग गरेको रेडियोले जनाएको छ।

उत्त कार्यक्रमलाई प्राईम सहकारी संस्था र नेपाल इन्स्योरेन्स प्रोफेश्नल सोसाइटी (निप्स) पोखराले सहकार्य गरेका छन भने डाबर नेपाल प्रा.लि.ले जुस, आर.एल.पि.अण्डा सप्लायर्स एंव संचालक राजु पौडेलद्धारा अण्डा र फलफुल, पेनगुइन मिनरल वाटरले पानी प्रायोजन गरेको रेडियोका मार्केटीङ म्यानेजर नारायण पौडेलले बताए।

# सडक दुर्घटना बढेसँगै सिसि क्यामेरा, डिभाइडरमा संकेत चिन्ह राख्न पहल

**पोखरापत्र संवाददाता**
**पोखरा, १ चैत**

पोखरा महानरपालिका ६ र ७ को सिमा नुवारथोक र जरेवरको बिचमा रहेको बुलौदी खोला क्षेत्रको मुख्य सडकमा दुर्घटना बढेपछि स्थानीयले दुर्घटना न्यूनिकरण गर्न पहल थालेका छन्।

लेकसाइड जाने मुख्य सडकमा रातको समयमा बढी दुर्घटना हुन थालेपछि नुवारथोक टोल विकास संस्थाको पहलमा सरोकारवाला निकायको सहभागीतामा आइतबार अन्तरक्रिया कार्यक्रम भएको हो । आयोजक संस्थाका अध्यक्ष दामोदर बरालले लेकसाइड जाने व्यस्त सडकको बिचमा रहेको डिभाइडरमा संकेत चिन्ह नहुँदा सडक दुर्घटना बढेको बताए । फागुन महिनामा मात्र दुई छुट्टा छुट्टै दुर्घटनामा दुई जना युवकको ज्यान गएको उनले सुनाए । हरेक महिना कुनै न कुनै सडक दुर्घटना हुने भएकोले डिभाइडरमा संकेत दिने चिन्ह राख्न र हिट एण्ड रनको घटना पनि हुने गरेकोले सिसि क्यामेरा



जडान गर्न नुवारथोक टोल विकास संस्थाका अध्यक्ष दामोदर बरालले जोड दिए । कार्यक्रममा नागरिक समाज पोखराका पूर्व संयोजक रामबहादुर पौडेलले सडक दुर्घटना न्यूनिकरण गर्न सरोकावाला अड्डाले बेलैमा पहल गर्नु पर्नेमा जोड दिए। नेपाली कांग्रेस पोखरा ७ का सभापति नविनराज बरालले नुवारथोक–बुलौदी–जरेवर क्षेत्रको ओरालोमा पहिले देखि नै सडक दुर्घटना धेरै हुने भएकोले दुर्घटना न्युनिकरणका लागि वैज्ञानिक रुपमा सडकको सुधार गर्नु पर्ने बताए। त्यसै गरी डिभाइडरमा रातमा टल्कने गरि कुनै संकेत चिन्ह नहुँदा मोटरसाइकल, कार रातमा डिभाइडरमा ठोक्कीएर धेरै जसो दुर्घटना हुने गरेको नुवारथोक टोल विकास संस्थाका पूर्व अध्यक्ष ठाकुरप्रसाद बरालले बताए । उनले दुबै तर्फ ओरालो भएका कारण सडक दुर्घटना बढि हुने गरेको बतार्दै पुल क्षेत्रको भागलाई करिब १ मिटर उचाइ बढाउनु पर्ने बताए।

पोखरा महानगरपालिका वडा नम्बर ७ का वडा अध्यक्ष रामचन्द्र बरालले डिभाइडरमा संकेत चिन्ह राख्ने र रंगरोगन लगाउँने काम छिट्टै सुरु हुने बताए । पोखरा महानगरपालिका ६ का कार्यवाहक अध्यक्ष हरिकृष्ण पहारीले जरेवर र नुवारथोक क्षेत्रमा सिसि क्यामरा राख्न पहल गर्ने सुनाए । पोखरा महानगरपालिकाका इन्जिनियर सुरेन्द्र पौडेलले ओरालो सडक हुनु र नयाँ बनेको पीचको कारण सवारी चालकले स्पीड बढी गर्दा दुर्घट्ना बढेकोले दुर्घट्ना न्यूनिकरण गर्न आवश्यक पहल गरिने बताए । सडक दुर्घटना न्युनिकरण गर्न नागरिक र सुरक्षाकर्मी संगसंगै मिलेर काम गर्नु पर्ने वडा प्रहरी कार्यालय बैदाम प्रमुख डिएसपी चिनिमाया तामाङले बताईन्।

कार्यक्रममा समाधान राष्ट्रिय दैनिकका अध्यक्ष उमनाथ बराल, पोखरा पिस क्लवका अध्यक्ष सुजन बराल, जरेवर टोल विकास संस्थाका अध्यक्ष रामु न्यौपाने, नुवारथोक टोल विकास संस्थाका पूर्व अध्यक्ष संजय पौडेल, जरेवर टोल विकास संस्थाका सचिव ईश्वर बराल, स्थानीय मुन्ना साह लगायतले सडक दुर्घना न्यूनिकरणका लागि पहल गर्नु पर्ने बताएका थिए।

# गण्डकी र धौलागिरी क्षेत्रमा लायन्सको फेलोशिप कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, १ चैत**




लायन्स अन्तराष्ट्रिय डिष्ट्रिक्ट ३२५ बि १ नेपालको आगामी लायन वर्षको नेतृत्वको लागि तयार रहेका लायन लिडरहरुको गण्डकी र धौलागिरी क्षेत्रमामिट, ग्रिटएन्ड फेलोशिप कार्यक्रम सम्पन्न भएको छ।

आइडी इन्डोर्सिका उम्मेदवार लायन बालकृष्ण बुर्लाकोटी, डिष्ट्रिक्ट गभर्नरका उम्मेदवार लायन विशेश्वर आचार्य, प्रथम भाइस गभर्नरका उम्मेदवार लायन महेन्द्र पौडेल र द्धितिय भाइस गभर्नरका उम्मेदवार लायन मणिश्री रत्नबज्राचार्यले गण्डकी र धौलागिरी क्षेत्रका क्लवहरुका बिच आ-आफ्नो उम्मेदवारी प्रस्तुत गरेका हुन । साथै सबै उम्मेदवारले शतप्रतिशत एस भोटको अपिल गरेका थिए । यो पटक डिष्ट्रिक्टमा सबै एकल उम्मेदवार भएकाले आगामी चैत्र १४ गते पोखरामा हुने डिष्ट्रिक्ट३२५ बि १ नेपालको नबौ महाधिवेसनबाट डिष्ट्रिक्ट गभर्नर तथा भाइस गभर्नरहरु निर्बिरोध चयन हुनेछन् । पोखरा, स्याङ्जा र तनहु क्षेत्रका करिब ८०० लायन्सहरुको उपस्थितिमा शुक्रबार पोखरामा सम्पन्न संयुक्त फेलोशिप कार्यक्रममा डिष्ट्रिक्ट गभर्नरका उम्मेदवार लायन विशेश्वर आचार्यलेआफुले नेतृत्व लिएपछि आगामी लायन वर्षमा गरिने कार्ययोजना प्रस्तुत गरेका थिए। सर्भिस फर अ स्माइल थिममा रहेर दिगो विकासमा आधारित कार्य गर्ने उनले बताए । उद्यमशिलताको विकास गर्दै विभिन्न १० जिल्लाका गाँउलाई लायन्स उद्यमी गाँउका रुपमा बिकास गरिने र वर्ष भरी नै लायन्सका सबै कार्यक्रम त्यही क्षेत्रमा लक्षित गरि गरिने योजना रहेको जानकारी गराए। प्रथम भाइस गभर्नरका उम्मेदवार लायन महेन्द्र पौडेल र द्धितिय भाइस गभर्नरका उम्मेदवार लायन मणिश्री रत्न बज्राचार्यले डिष्ट्रिक्ट गभर्नरका उम्मेदवार लायन विशेश्वर आचार्यले ल्याएका कार्यक्रमलाई सफल बनाउन एकजुट भएर लाग्ने प्रतिवद्धता व्यक्त गरेका थिए । आइडी इन्डोर्सिका उम्मेदवार लायन बालकृष्ण बुर्लाकोटीले आफुले लायन्स अन्तराष्ट्रियको नेतृत्व गरेपछि धेरै प्रोजेक्टहरु नेपाल भित्राउने योजना रहेको बताए । कार्यक्रममा लायन्स डिष्ट्रिक्ट ३२५ बि १ नेपालका गभर्नर लायन मन बहादुर रोक्का, लायन्स म्यागेजिनका चिफएडिटर लायन धनराज आचार्य, लायन लिडरहरु, लायन गिरधारी शर्मा, लायन गौतममान श्रेष्ठ, लायन ध्रुब थापा, लायन अशोक श्रेष्ठ, लायन भुगोल शेरचन, लायन राजेन्द्र बाटाजु लगायतले सबै उम्मेदवारलाई आफ्नो साथ र समर्थन रहेको बताउदै सफलताको कामना गरेकाथिए । लायन्स क्लब अफ पोखरा सेन्ट्रलका अध्यक्ष लायन बबिन बग्दासको अध्यक्षतामा भएको कार्यक्रममा धन्यवाद ज्ञापन लायन्स क्लब अफ काठमाण्डौ साझा फुलबारीका अध्यक्ष हरिचन्द्र तिवारीले गरेका थिए भने कार्यक्रमको सञ्चालन डिष्ट्रिक्ट जिएमटिको-अर्डिनेटर लायन दुर्गाप्रसाद हुमागाईले गरेका थिए । यसै गरी बुधबार र बिहीबार गोरखा, आबुखैरेनी, धौलागिरीको म्याग्दी, बागलुङ, पर्वत क्षेत्रका क्लबहरु बिच पनि मिट, ग्रिटएण्ड फेलोशिप कार्यक्रम सम्पन्न भएको थियो। शनिबार तनहुँ र धादिङ क्षेत्रका क्लबहरु बिचमा समेत फेलोशिप कार्यक्रम गरिएको थियो।

सो फेलोशिप कार्यक्रममा आइडी इन्डोर्सिका उम्मेदवार लायन बालकृष्ण बुर्लाकोटी, डिष्ट्रिक्ट गभर्नरका उम्मेदवार लायन विशेश्वर आचार्य, प्रथम भाइस गभर्नरका उम्मेदवार लायन महेन्द्र पौडेल, द्धितिय भाइस गभर्नरका उम्मेदवार लायन मणिश्री रत्न बज्राचार्यले शतप्रतिशत एस भोटको अपिल सहित सहयोगको आह्वान गरेका थिए। यसअघी गत महिना काठमाडौं क्षेत्रका क्लबहरु बिचमा पनि संयुक्त फेलोशिप कार्यक्रम सम्पन्न भइसकेको छ।

# मर्दी हिमाल पदयात्रा

**पोखरापत्र संवाददाता**
**पोखरा, १ चैत**

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको प्रवर्द्धन एवं ट्रेकिङ इक्विपमेन्ट सप एसोसिएसन(टेसा) पोखराको आयोजनामा 'मर्दी हिमाल पदयात्रा तथा पदयात्रा सामग्रीको प्रयोग एवं चिनारी' विषयक पदयात्रा आइतबारदेखि शुरु भएको छ।

पछिल्ला वर्षमा पदयात्रा पर्यटनमा आकर्षक गन्तव्यका रूपमा परिचित मर्दी पदयात्रा मार्गमा पर्यटनसम्बद्ध व्यवसायी, नेपाल पर्यटन बोर्डका प्रतिनिधि र सञ्चारकर्मीसहितको ३० सदस्यीय टोलीले यही चैत ४ गतेसम्म चिनारी यात्रा शुरु गरेको हो । पोखराको डिहीको पाटनमा पदयात्रा शुभारम्भ कार्यक्रममा पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराई, आन्तरिक पर्यटन पुनरुत्थान समिति पोखराका संयोजक अग्नि कँडेल, टेसा पोखराका अध्यक्ष नारायण सापकोटा, नेपाल पर्यटन बोर्ड पोखराका अधिकृत जयशक्ति सराफ, टेसा पोखराका सचिव टीकाबहादुर लम्साललगायतले कार्यक्रमले पदयात्रा पर्यटनको प्रवर्द्धनका साथै पदयात्रा सामग्रीको चिनारी सम्बन्धमा महत्वपूर्ण उपलब्धि हासिल हुने धारणा राखे।

कोरोनाका कारण लामो समयदेखि तहसनहस पदयात्रा पर्यटनलाई पुरानै लयमा फर्काउनाका साथै पदयात्रामा प्रयोग गरिने सामग्रीको प्रयोगात्मक जानकारीसमेत गराउने लक्ष्यका साथ अवलोकन भ्रमण गराउन लागिएको कार्यक्रम संयोजक एवं टेसा पोखराका निवर्तमान अध्यक्ष रामचन्द्र गिरीले जानकारी दिए । उनका अनुसार चार दिने पदयात्राका क्रममा सहभागीले कास्कीको काँडेदेखि अष्ट्रेलियन क्याम्प, प्रितम देउराली, फरेष्ट क्याम्प, बादलडाँडा, मर्दी हाइक्याम्प हुँदै भ्यु प्वाइन्टसम्म पदयात्रा गर्दै फर्कने छन् । हिउँले ढाकिएका हिमाल, वरपर देखिने हरिया वनजङ्गल, डाँडाकाँडा र बस्तीको एकसाथ दृश्यावलोकन मर्दी पदयात्राको विशिष्टता भएको उनले बताए।

पदयात्रा पर्यटनमा प्रयोग गरिने सामग्रीको बिक्री वितरणलाई प्रभावकारी बनाउने लक्ष्यका साथ पोखरामा २०५४ सालदेखि संस्थागत रूपमै टेसा क्रियाशील छ । पदयात्रा पर्यटनको प्रवर्द्धन र विकासमा महत्वपूर्ण योगदान गर्दै आएको टेसामा हाल विभिन्न ७५ व्यवसायी आबद्ध छन्।

# झुटा कुरा गरेर मेलमिलाप हुँदैन : नेता जोशी

**पोखरापत्र संवाददाता**
**दमौली, १ चैत**

नेपाली कांग्रेसका पूर्वसहमहामन्त्री गोविन्दराज जोशीले झुटा कुरा गरेर मेलमिलाप हुन नसक्ने बताएका छन्।


तनहुँको व्यास नगरपालिका-१२ गोल्लामा निर्मित बिपी विचार समाजको भवन आइतबार उद्घाटन गर्दै नेता जोशीले कार्यकर्तालाई सम्मान गर्न नजानेसम्म मेलमिलापको अर्थ नरहने स्पष्ट गरे। "नगरपालिकाका प्रमुख, उपप्रमुख, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्षको टिकट दिँदा पनि कार्यकर्ताको के राय छ भनी बुझेर टिकट दिनुपर्छ", अर्को प्रसङ्गमा पूर्वमन्त्री जोशीले भने, "त्यसो नगरी आफूले मनपरी गर्ने हो भने अहिलेका कार्यकर्ताले मान्ने अवस्था रहँदैन ।" नेता जोशीले अबको चुनावमा आफूले लड्ने तयारी गरेकाले सहयोग गर्न कार्यकर्तालाई आग्रह गरे।

नेपाल र नेपालीको समुन्नत भविष्य निर्माणको जिम्मा हामी नेपालीकै हो । त्यसैले हामीमा भएको अपार क्षमताको सदुपयोग गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# उपभोक्ता हित संरक्षण नीतिको खाँचो

विश्व विद्यालय र कलेजमा मात्र पढाई हुने उपभोक्ता अधिकारका कुरा व्यवहारमा आउन सकेका थिएनन् । एकेडेमिक वौद्धिक बहसका कुरालाई सन् १९६२ मार्च १५ मा तत्कालीन अमेरिकी राष्ट्रपति जोन अफ केनेडीको ‘कस्टमर बिल अफ राइट्स’ अमेरिकी सिनेटमा पारित भएपछि विश्वमा उपभोक्ता अधिकारले मान्यता पायो । यद्यपि विकसित मुलुकले मात्र उपभोक्ता अधिकारको सम्मान गरेका र अविकसित र विकासोन्मुख मुलुकले नस्वीकार्दा १९८५ अप्रिल ९ मा संयुक्त राष्ट्रसङ्घले अनुबन्ध नै पारित गरी सदस्य राष्ट्रलाई दबाब दियो । तत्पश्चात् राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रले उपभोक्ताका हितमा ऐन नियम बनाएर लागू गरे । यसै क्रममा नेपालमा पनि २०५४ सालमा उपभोक्ता संरक्षण ऐन जारी भई लागू भयो । हाल उक्त उपभोक्ता संरक्षण ऐन मौलिक कानुनका रूपमा संशोधन र परिमार्जन भई लागू भएको छ।

विश्वमा मार्च १५ मा विश्व उपभोक्ता अधिकार दिवस मनाउने चलन छ । नेपालमा पनि राष्ट्रिय नारासहित दिवस मनाउने गरिएको छ। अन्तर्राष्ट्रिय नारा ‘प्लाष्टिकको निरुत्साहन, बातावरण संरक्षणमा योगदान’ भन्ने रहेको छ । नेपालमा उपभोक्ता अधिकारकर्मीहरुले राष्ट्रिय नारा ‘उपभोक्ताको मौलिक हक कार्यान्वयनमा हाम्रो चासो तिनै तहमा उपभोक्ता हित संरक्षण नीतिको खाचो’ विषयमा कार्यक्रम गरि मनाउने भएका छन् । उपभोक्तावादका चार सर्वमान्य सिद्धान्त छन् । पहिलो, प्रत्येक उपभोक्ता आफैँ सचेत हुनुपर्दछ । दोस्रो, उपभोक्तालाई सचेत र जागरूक गर्ने दायित्व सरकार तथा वस्तु वा सेवा उत्पादन, आयात, सञ्चय वा विक्री वितरण गर्ने प्रदायकहरूको हो । तेस्रो, वस्तु र सेवा उत्पादक, प्रदायक वा विक्रेताहरू उपभोक्ताप्रति जिम्मेवार हुनुपर्दछ । उपभोक्ता नभई बजार सञ्चालन नहुने हुँदा उपभोक्ता बजारका सार्वभौम हुन् । चौथो, बजारले उपभोक्तालाई सम्मान गर्नुपर्दछ । यिनै सिद्धान्तका आधारमा नेपालले उपभोक्ता संरक्षण ऐन, २०७५ मा उपभोक्ताका नौ अधिकारको व्यवस्था गरेको छ । नेपालको संविधान, २०७२ को धारा ४४ मा उपभोक्ता हकको व्यवस्था छ । संविधानमा गुणस्तरीय वस्तु र सेवाको उपभोग गर्न पाउनु उपभोक्ताको हक हुने र गुणस्तरहीन वस्तुको उपभोगबाट हानि नोक्सानी भएमा उपभोक्ताले क्षतिपूर्ति पाउने हक सुनिश्चित गरिएको छ । यसैगरी राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वभित्र कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने विषय समेटिएको छ । मौलिक हकसम्बन्धी कानुनका रूपमा उपभोक्ता अधिकार संरक्षण ऐन २०७५ लागू भइसकेको छ । उपभोक्ता हित संरक्षणका लागि एक दर्जनभन्दा बढी कानुन निर्माण भएका छन् ।

नेपालमा जति कानुन बनेका छन् तिनको बारेमा जनतालाई जानकारी गराउने र कार्यान्वयन नभएको हुँदा हरेक क्षेत्रमा उपभोक्ता ठगिएका छन् । कानुन बनाएर मात्र हुँदैन त्यसको प्रभावकारी कार्यान्वयन हुनुपर्छ । संघको अधिकार प्रदेश र स्थानीय तहलाई दिइएको छ । सरकारको काम नियमित बजार अनुगमन गर्नु हो । जनता नठगिउन भनेर सकृयता देखाएमा उपभोक्ताको हितमा सरकारले काम गरेको छ भन्ने अनुभूति हुनेछ । संघले अधिकार दिएन भनेर रोइलो गर्नु भन्दा भएका अधिकार प्रयोग गरेर उपभोक्तालाई सचेत बनाउने काममा प्रदेश र स्थानीय सरकार लाग्नु पर्दछ । जनताको दैनिक जीवनसँग जोडिएको विषयमा प्रदेश र स्थानीय सरकारले बजारलाई नियमित अनुगमन गरेमा जनताप्रतिको उत्तरदायित्व निर्वाह गरेको ठहरिने छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : मानसिक तनाब | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शारिरीक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

**कस्मेटिक एण्ड व्यूटिपार्लर बिक्रीमा**

रामबजार गौरी मार्गमा अति चालु अवस्थामा रहेको शिखा कस्मेटिक एण्ड व्यूटिपार्लर विशेष कारणवस तु: बिक्रीमा छ ।

सम्पर्क: ९८४७६६१७३५

**बडा मजाको आयुर्वेदिक**

१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुन: उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।

सम्पर्क: सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३


# सयपत्री सहकारीको प्रशिक्षण कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १ चैत**

पोखरा महानगरपालिका वडा नं ११ स्थित सयपत्री बचत तथा ऋण सहकारी संस्था लि. को दुई दिवशीय सहकारी अर्न्तक्रिया एवं प्रशिक्षण कार्यक्रम आाइतवार सम्पन्न भयो ।



प य र् ट क ी य क्षेत्र घोरेपानीमा आयोजित उक्त प्रशिक्षण कार्यक्रममा गण्डकी प्रदेश सहकारी कार्यालयका प्रशिक्षक सागर खनालले प्रशिक्षण दिएका थिए । अधिकृत खनालले सहकारीले आफ्नो सिद्धान्त अनुरुप सदस्यहरुलाई क्रियाशील बनाउनुपर्ने आवश्यकता औल्याए । बचत तथा ऋण सहकारीहरुले आफै लगानी गर्ने नभई उत्पादनका क्षेत्रमा लाग्ने सदस्यहरुलाई लगानी गर्नुपर्ने बताए । संस्थाका अध्यक्ष रबीन्द्र नाथ बाँस्तालाको अध्यक्षतामा भएको प्रशिक्षण कार्यक्रममा सल्लाहकारहरु माधव प्रसाद बाँस्तोला, निर्मलप्रसाद कर्माचार्य, विश्वमोहन अधिकारी, रोहितराज बाँस्तोला र पदम जिसिले पनि आफ्ना धारणा राखेका थिए । कार्यक्रममा कोषाध्यक्ष धर्मप्रसाद बाँस्तोलाले आर्थिक बिबरण, प्रबन्धक बिकास सुवेदीले प्रगति विवरण र सहसचिव बसन्त कोइरालाले प्रशिक्षण तथा सहकारी भ्रमण कार्यक्रमको बारेमा जानकारी गराएका थिए । कार्यक्रमको सञ्चालन सचिव कृष्णप्रसाद आचार्यले गरेका थिए भने धन्यवाद ज्ञापन उपाध्यक्ष भिमप्रसाद न्यौपानेले गरेका थिए ।

२०६६ सालमा स्थापना भएको सयपत्री बचत तथा ऋण सहकारीले सदस्यहरु बाट वचत संकलन गरी उत्पादन, कृषी, ब्यापार, घरजग्गा एवं हायरपर्चेजको क्षेत्रमा लगानी गर्दै आएको छ ।

पछिल्लो समय उत्पानको क्षेत्रमा आफ्नो लगानी केन्द्रित गरेको संस्थाले कृर्षीलाई प्राथमिकतामा राखेको छ। कुल १२ करोड २८ लाख शेयर पूजी रहेको सो संस्थाले १ अरव ३७ करोड निक्षेप संकलन र १ अर्ब २४ करोड ऋण प्रवाह गरको र संस्थाको कुल दायित्व १ अर्ब ६९ करोड पुगेको संस्थाका प्रबन्धक बिकास सुबेदीले जानकारी दिए ।

# म्यान्मारमा सैन्य शासनविरुद्ध ‘आन्दोलन’ लाई निरन्तरता दिने सुकीलगायत समूहको प्रतिबद्धता

**रासस**
**काठमाडौं, १ चैत**

म्यानमारमा गत माघ १९ गते सेनाले देशको शासनसत्ता आफ्नो हातमा लिएपछि पहिलो पटक सार्वजनिक सम्बोधन गर्दै नेता मान विन खाइन थानले सैन्य शासनविरुद्ध ‘आन्दोलन’ लाई निरन्तरता दिने प्रतिवद्धता व्यक्त गर्नुभएको छ।

उहाँले भन्नुभयो, “अहिलेको अवस्था देशका लागि सबैभन्दा अँध्यारो क्षण हो । साथै छिट्टै बिहानी आउन लागेको अवस्था पनि हो ।” सेनाले पक्राउ गर्नुअघि नै भाग्न सफल एनडीएलका सांसदहरूले ‘सीआरपीएच’ नामक एउटा समिति गठन गरेका थिए । मान विन खाइन थान त्यसका प्रमुख हुनुहुन्छ र सीआरपीएचले म्यान्मारको आधिकारिक सरकारका रूपमा अन्तर ाष्ट्रिय स्तरमा मान्यता प्राप्त गर्न खोजिरहेको छ । भूमिगत रहेर नै उहाँले सैन्य ‘कू’ स्वीकार गर्न नमान्ने सांसदहरूको एउटा समूहको नेतृत्व गरिरहनुभएको छ। सैन्य शासनविरूद्ध भएको आन्दोलनका क्रममा शनिवार म्यान्मारमा १२ प्रदर्शनकारीहरूको मृत्यु भएको छ । सेनाले सत्ता हातमा लिएर नेशनल लिग फर डेमोक्र्यासी (एनएलडी) की नेत्री आङ सान सूकीलाई नियन्त्रणमा लिएपछि म्यान्मारमा आन्दोलन भइरहेको छ । गत वर्षको निर्वाचनमा एनएलडी बहुमतसहित विजयी भएको थियो । तर सेनाले उक्त निर्वाचनमा धाँधली भएको आरोप लगाउँदै बहुमत प्राप्त समूहलाई नेतृत्व नदिई सैनिक सक्रियतामा सरकार गठन गरेको छ । यद्यपि सेनाले एक वर्षभित्र निर्वाचन गरी निर्वाचित सरकारलाई नेतृत्व सुम्पन आफु तयार रहेको धारणा सार्वजनिक गर्दै आएको छ । स्वतन्त्र अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू भने सन् २०२० को नोभेम्बरमा भएको निर्वाचनमा धाँधली भएको सेनाको दाबीसँग असहमत रहँदै आएका छन् । उनीहरूले निर्वाचनका क्रममा कुनै पनि किसिमको अनियमितता नपाएको जनाएका छन् ।

# दमौलीमा खुल्यो पूजा सामग्री उद्योग

**पोखरापत्र संवाददाता**
**दमौली, १ चैत**

नेपाल घरेलु तथा साना उद्योग महासङ्घ तनहुँ महिला उद्यमी सभापति कल्पना गौलीले माँ अम्बे पूजा सामग्री उद्योग सञ्चालनमा ल्याउनुभएको छ । जिल्लाका महिलालाई रोजगारी प्रदान गर्दै उद्यमशील बनाउने उद्देश्यसहित गौलीले व्यास नगरपालिका-२ कालिकामार्गमा उक्त उद्योग सञ्चालनमा ल्याउनुभएको हो ।

उद्योगबाट ८५ महिलाले रोजगारी पाएको गौलीले जानकारी दिनुभयो । उहाँका अनुसार दुनाटपरी, बाँधेको धुप, सातथरि काठको दाउरा, पोते, डोरी, टीकालगायतका सामग्री उत्पादनका लागि ती महिलालाई रोजगारी दिइएको छ । “निकट भविष्यमा नै तामा, चरेश, चाँदी र माटोबाट निर्माण गरिने सामग्री पनि उत्पादन गर्ने लक्ष्य छ”, गौलीले भन्नुभयो ।

उक्त उद्योगबाट ५०० महिलालाई रोजगारी प्रदान गर्ने उद्देश्य राखिएको उहाँले बताउनुभयो । दमौली बजारका विभिन्न आमा समूहले उत्पादन गरेका दुना टपरी उक्त उद्योगले खरिद गर्ने गरेको छ । हाल बजारमा दुना टपरीको राम्रो माग भए पनि स्थानीय सरकारका तर्फबाट भने यसमा सहयोग नभएको गौलीको गुनासो छ । “फुर्सदिला कम्तीमा ५०० महिलालाई आत्मनिर्भर बनाउने उद्देश्यका साथ विभिन्न प्रकारका पूजा सामग्रीको हाते उद्योग सञ्चालन गरेको हुँ”, गौलीले भन्नुभयो । व्यास-१ गल्वुबैंसीस्थित नव आदर्श आमा समूहले दैनिकरूपमा उत्पादन भएका दुना टपरी उक्त उद्योगलाई बिक्री गर्ने गरेको छ। आमा समूहका १४५ महिलाले टपरी बुन्न थालेका छन् । उक्त उद्योगको शनिबार नगर प्रमुख बैकुण्ठ न्यौपानेले उद्घाटन गर्नुभयो । सो अवसरमा नगरप्रमुख न्यौपानेले महिलालाई स्वरोजगार बनाउन आवश्यक तालिम नगरपालिकाका तर्फबाट सञ्चालन गरिने प्रतिबद्धता जनाउनुभयो ।

# भारतमा २५ हजारभन्दा बढी सङ्क्रमित

**रासस**
**काठमाडौं, १ फागुन**

भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित हुनेको सङ्ख्यामा फेरि बृद्धि हुन थालेको छ।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले आइतबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा २५ हजार ३२० जना सङ्क्रमित भएका हुन् । यसअघि एक दिनमा सङ्क्रमितको सङ्ख्या आधा कम भइरहेका बेला अहिले फेरि बढ्दै जान थालेको हो ।

मन्त्रालयले पछिल्लो २४ घण्टामा १६ हजार ६३७ जना कोरोनाभाइरस मुक्त भएको तथ्याङ्क पनि सार्वजनिक गरेको छ । भारतमा अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या एक करोड १३ लाख ५९ हजार ४८ पुगेको अधिकारीले जनाएका छन् ।

# बेनी-लभ्भीहिल-भकुण्डे सडकको स्तरोन्नति

**पोखरापत्र संवाददाता**
**बेनी, १ चैत**

म्याग्दीको सदरमुकाम बेनीबाट बेनी नगरपालिका-२ भकुण्डे जोड्ने बेनी-लभ्लीहिल-भकुण्डे सडकको स्तरोन्नतिको काम शुरु गरिएको छ । नगरपालिकाको रु ५५ लाख बजेटमा भण्डारी निर्माण सेवाले साढे सात किलोमिटर सडकखण्डको हाडेभिर-लभ्लीहिल खण्डमा स्तरोन्नतिको काम शुरु गरिएको हो । पछिल्लो समय निकै चर्चामा आएको प्रसिद्ध पर्यटकीयस्थल लभ्लीहिलसम्म यस वर्ष स्तरोन्नतिको काम गरिने र आगामी वर्ष लभ्लीहिलदेखि वडा नं २ भकुण्डेचौरस्थित वडा कार्यालयसम्म विस्तार गरिने वडाध्यक्ष हिराबहादुर थापाले बताउनुभयो । अध्यक्ष थापाका अनुसार यस वर्ष हाडेभिर-लभ्लीहिल खण्डमा १८७ थान ग्याविन जाली, ४२० मिटर पक्की नाली, एक ठाउँमा क्रस र तीन हजार २०० मिटर कच्ची नाली निर्माणका लागि भण्डारी निर्माण सेवाका निर्माण व्यवसायी नीरज भण्डारीलाई जिम्मा दिइएको छ।


**Province Government**
**Ministry of Social Development**
**Health Directorate**
**Matrishishu Miteri Hospital**
**Gandaki Province**
**Pokhara-16, Kaski**

**Invitation for Sealed Quotation for the Procurement of Computed Radiography System with Complete Accessories**

**Sealed Quotation No: MMH/G/Sealed Quotation-05/077-78**
**Date of First Publication: 15th March 2021**

1. Matrishihsu Miteri Hospital invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of Computed Radiography System With Complete Accessories.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Matrishihsu Miteri Hospital, Pokhara-16 Kaski, maternityhospitalpk@gmail.com, ph no 061- 440144.
3. A complete set of Bidding Documents may be purchased from the office of Matrishihsu Miteri Hospital Pokhara-16, Kaski by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 (one thousand rupees) till 29th March 2021 during office hours.This aforementioned non-refundable fee of Nrs 1000 should be deposited in the following account:
   Name of the Bank: Rastriya Banijya Bank Prithivi Chowk Pokhara
   Name of Office: Province Financial Comptroller Offiice Gandaki Province
   Office Code no: 3500239054 (Matrishishu Miteri Hospital)
   Office Account no.: 1000100501004000
   Rajaswa (revenue) Shirshak no. : 14229
4. Sealed bids must be submitted to the office of Matrishishu Miteri Hospital by hand on or before 12:00 P.M.on 30th March 2021. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on 30th March 2021 at 1:00 pm at the office of Matrishihsu Miteri Hospital. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of Rs 37,000.00 (Thirty-Seven Thousand only) which shall be valid for 30 days beyond the validity period of the bid i.e. June 13th 2021. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Matrishishu Miteri Hospital Gandaki Province Pokhara Kaski's Deposit Account No 3020100202030000 at Ratriya Baniya Bank Limited Prithivi ChowkPokhara and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

# क्रिकेट मार्फत पर्यटन विकास

पछिल्लो समय निकै चर्चामा रहेको खेल हो, क्रिकेट। पर्यटन प्रवर्द्धनको हिसाबले मात्र नभई विश्व खेल जगतमा नेपाललाई चिनाउने खेलको रुपमा क्रिकेटलाई लिने गरिएको छ। पोखरामा क्रिकेटको मैदान निर्माणको क्रमसँगै अन्तर्राष्ट्रिय प्रतियोगिताको लागि बाटो खुलेको छ। यसै सन्दर्भमा कास्की जिल्ला क्रिकेट संघ तथा नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्टस (नाट्टा) गण्डकी प्रदेशका अध्यक्ष सन्जयकान्त सिग्देलसँग पोखरापत्रका दीपेन्द्र पहारीले गर्नुभएको कुराकानी :



**सन्जयकान्त सिग्देल**
**अध्यक्ष**
**कास्की जिल्ला क्रिकेट संघ**

**▶▶हाल पोखरामा क्रिकेटका गतिविधि कसरी अघि बढिरहेको छन् ?**
सम्भवत, कोरोना पछि पहिलो पटक कास्की जिल्लाले क्रिकेटको प्रतियोगिता नै संचालन गऱ्यो। छ वटा क्लब सहभागी गराएर हामीले जिल्ला स्तरिय प्रतियोगिता खेलायौ। जसले खेल क्षेत्रलाई चलायमान गराउन मद्दत पुगेको छ। अब हामी समय सन्दर्भ मिलाएर निकट भविष्यमै स्कुलस्तरीय प्रतियोगिताको तयारी गर्दैछौं। यो बीचमा हामीले धेरै समय ग्राउन्ड, पिच लगायत पूर्वाधार निर्माणमै समय खर्चिएका छौं।

**▶▶पूर्वाधारको हिसाबले हामी कहाँ छौं ?**
क्रिकेट विकासको लागि पूर्वाधार अपरिहार्य छ किनकी पूर्वाधार विना क्रिकेटको विकास असम्भव छ। पोखरामा क्रिकेटको अन्तर ाष्ट्रियस्तरको स्टेडियम छ। त्यसलाई समय अनुसार स्तन्नती गर्दै लैजानुपर्छ । यस वर्ष २ करोड रुपैयाँ बजेट विनियोजित भएकोले केही आशा गर्न सकिन्छ। तर बजेट कार्यान्वयन पक्षमा जोड दिनुपर्छ किनकी कोरोनाको महामारीले गर्दा गतवर्ष पनि ३ करोड रुपैयाँ बजेट फ्रिज भयो। त्यसैले पनि बजेटको सहि सदुपयोग गर्न संघ लागिपरेको छ । अहिले २५ लाखको बजेट मार्फत फेन्सिङको काम गर्दैछौं।

**▶▶पोखरामा क्रिकेटको क्रेज कस्तो पाउनुभएको छ ?**
क्रिकेटमा पोखेलीको आकर्षण बढिरहेको छ। गत साग खेल र बेला बेलामा हुने प्रतियोगितामा दर्शकको उपस्थितिले पनि यो कुरा प्रमाणित गरिसकेको छ। सरोकारवाला सबै मिलेर हातेमालो गर्दै जाने हो भने क्रिकेटको क्रेज अझै बढ्नेमा कुनै दुई मत छैन।

**▶▶क्रिकेट विकासमा सरोकारवालाहरुको तर्फबाट कस्तो अपेक्षा गर्नुभएको छ ?**
क्रिकेट विकासमा सरोकारवालाहरुको भूमिकालाई सकारात्मक रुपमा लिएका छौ । तर अपेक्षा अनुसार स्थानीय सरकारको सहयोग पाउन सकेका छैनौं । प्रदेश सरकार समग्र खेल क्षेत्रको लागि सकारात्मक छ । सबैको प्रयासले पछिल्लो समय प्रतियोगितासँगै भौतिक संरचनामा पनि लगानी बढेको अवस्था छ।

**▶▶क्रिकेटको वर्तमान अवस्थालाई कसरी लिनुभएको छ ?**
हामी पोखरालाई क्रिकेटको गन्तव्यको रुपमा विकास गर्दै अघि बढिरहेका छौ। हालको मैदानसंगै अर्को मैदान पनि आवश्यक छ । जसका लागि प्रदेश सरकारले चासो दिएको छ । तर जसरी नेपाललाई क्रिकेटले अन्तर्राष्ट्रिय रुपमा चिनाएको छ, त्यस हिसाबले क्रिकेटको धेरै विकास हुनुपर्ने हो, तर त्यसो हुन सकिरहेको छैन । त्यसतर्फ सबैको ध्यान जान जरुरी देखेको छु। साथै नेपाली क्रिकेटको सर्वोच्च संस्था नेपाल क्रिकेट संघको नेतृत्व र अन्तर्राष्ट्रिय क्रिकेट संघको अनुदानले पनि क्रिकेटको विकासमा महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ।

**▶▶क्रिकेट र पर्यटनलाई जोडेर हेर्दा कस्ता सम्भावनाहरु देख्नुहुन्छ ?**
पर्यटनको राजधानी पोखरामा क्रिकेटको पनि संगसंगै विकास हुँदैछ । पर्यटन पूर्वाधारमा धेरै लगानी भईरहदा क्रिकेटको प्रर्वदन पनि उत्तिकै आवश्यक छ। गत वर्ष इङ्ल्यान्डको पुरानो एवं प्रतिष्ठीत क्रिकेट क्लब, मेलबोर्न क्रिकेट क्लब (एमसीसी) ले पोखरा टुर गरी हाम्रा ग्राउन्डमा क्रिकेट समेत खेल्यो । उनीहरुबाट राम्रो प्रतिकृया पाएका छौं। यसले क्रिकेट र पर्यटन दुवैको विकास हुने देखेको छु। गतवर्ष नै नेपालको क्रिकेट टोलीसँग मलेसियाको मैत्रिपूर्ण खेल सम्पन्न भयो। उनीहरुले पनि वार्षिक कार्यक्रम बनाएर पोखरा आउन चासो राखेका छन्। साथै ओमानले नेपालसंग हुने खेल पोखरामा खेल्न चासो देखाएको थियो। अफ्ह आइसिसिका डेभलपमेन्ट अफिसरको भ्रमणले राम्रो वातावरण बनेको छ। यी र यस्ता गतिविधीले पोखराको पर्यटनमा क्रिकेट खेल मार्फत सम्भावनाका धेरै ढोकाहरु खुलेका छन्।

**▶▶खेलाडीको खेल स्तर वृद्धिको लागि संघले कस्तो भूमिका खेलिरहेको छ ?**
हाल एमसिसिको च्यारिटी मार्फत कास्की एकेडेमी शुरु भएको छ। पोखरा महानगरका विभिन्न ५ स्थानमा प्रयाक्टीस विकेट संचालित छन्। यसमा दैनिक सयौले प्रशिक्षण लिइरहेका छन्। यसबाट उत्पादित खेलाडीहरु एमसिसिले गर्ने नेपाल टुरमा गर्ल्स बोयूस टिम बनि खेल्नेछन्।

**▶▶पोखरालाई हाल कस्तो अवसरको खाँचो छ ?**
गण्डकी अन्तर्राष्ट्रिय क्रिकेट मैदानको चर्चा चलिरहदा अब हुने विदेशी टोली समेत सहभागी हुने नेपाल प्रिमियर लीगमा पोखराले होस्ट गर्न पाउनुपर्छ भन्ने हाम्रो माग हो। यसबाट क्रिकेट खेलको विकास मात्र नभई कोरोना महामारी पछिको समग्र पर्यटन क्षेत्रलाई समेत राहत हुनेछ।

**▶▶नयाँ खेलाडीलाई प्रोत्साहन गर्न र प्रशिशकलाई लक्षित गरेर संघका योजना कस्ता छन् ?**
हामीले पछिल्लो समय कास्की क्रिकेट संघ मार्फत सेन्ट्रल क्रिकेट एकेडेमीको अवधारणालाई अघि बढाएका छौं। जसमा निशुल्क रुपमा खेलाडीलाई प्रशिक्षण प्रदान गरिरहेका छौं । कुनैपनि उमेर समुहका खेलाडीले यो मौकाको सदुपयोग गर्न सक्छन्। मुख्य कुरा त खेलाडीहरुको भविष्य नै हो। त्यसैले प्रशिक्षणलाई व्यवस्थित बनाई एकेडेमी मार्फत कालान्तरमा व्यवसायीक सिनियर खेलाडीलाई क्रिकेट मार्फत आर्थिक उर्पाजनको अवसर पनि प्रदान गर्दै लैजाने योजना छ । त्योसँगै प्रशिक्षक उत्पादनमा समेत एकेडेमी लागि परेको छ किनकी प्रशिक्षक नहुनुले पनि क्रिकेटको विकासमा असर पुगिरहेको छ।

# 'अब त धेरै बाँचिन्छ' : खोप लगाएका ज्येष्ठ नागरिक

**रासस**
**बागलुङ, १ चैत**

नेपालमा कोरोनाको महामारी शुरु भएपछि सबैभन्दा जोखिममा ज्येष्ठ नागरिक थिए। कोभिडको भयावह चलिरहेका बेला ज्येष्ठ नागरिक र दीर्घरोगीलाई कोरोना भाइरस सङ्क्रमणको खतरा रहेको भन्दै विशेष ख्याल गर्न आग्रह गरिएको समाचार दैनिकजसो आउँथ्यो । कोरोना रआफूहरुलाई छिटो सर्ने र ज्यानसमेत लिने समाचार सुनेर केही हतास बन्नुभएकी काठेखोला गाउँपालिका-३ निवासी श्यामकुमारी विश्वकर्मा अहिले ढुक्क हुनुभएको छ । उहाँले धौलागिरि अस्पताल बागलुङको खोप केन्द्रमा कोरोना विरुद्धको खोप लगाउनुभयो। "हामी जस्ता बूढेसकाल लागेकालाई कोरोनाले चाँडै लान्छ कि भन्ने थियो, खोप लगाएपछि अझै केही वर्ष संसार देख्न पाइन्छ कि भन्ने लागेको छ", खोप लगाएपछि प्रशन्न मुद्रामा विश्वकर्माले भन्नुभयो, "रेडियोमा भर्खरका उमेरका युवासमेत कोरोनाका कारण मृत्यु भएको सुन्दा हामी जस्ता ७५ काटेकालाई के राख्ला भन्ने थियो, अहिले कोरोना विरुद्धकै खोप आएर लगाइयो पनि, अब कोरोनाबाट बच्ने भइयो भन्ने आश पलाएको छ।"

बागलुङ नगरपालिका-४ का ७१ वर्षीय खडानन्द उपाध्याय, वडा नं ३ का ७५ वर्षीय खिमप्रसाद सिलवाल तथा वडा नं १० भकुण्डे निवासी ७० वर्षीया इन्द्रकुमारी पौडेलको कोरोना खोप अनुभव पनि उस्तै छ । डाँडामाथिका घाम जस्ता बनेका उनीहरुले कोरोना खोप लगाउन पाउँदा खुशी भएका मात्रै छैनन्, केही वर्ष अझै बाँच्ने आशा पलाएको बताउँछन्। "१० महिनासम्म कोरोनाका विषयमा सुन्दा मरिन्छ कि भन्ने थियो", सिलवालले भन्नुभयो, "तर यति छिट्टै सरकारले कोरोना खोप ल्याउला भन्ने लागेकै थिएन, कोरोना खोप लगाएपछि कोरोना लाग्दैन भन्ने आत्मबल उच्च हुँदोरहेछ, अलि वर्ष बाँच्न पाइने भयो भनेर ढुक्क छु।" सिलवालले खोपको व्यवस्थापनका लागि सरकारलाई धन्यवादसमेत दिनुभयो । उहाँले महामारीको रूपमा रहेको कोरोना खोप लगाउन पाउँदा निकै खुशी भएको बताउनुभयो।

कोरोनाका कारण मरिन्छ कि भनेर लागेको डर कोरोना खोप लगाएपछि हटेर गएको भकुण्डे निवासी पौडेलले बताउनुभयो । "दीर्घरोगी र हामी जस्तालाई कोरोनाले छोड्दैन भन्ने सुन्दै आएका कारण घरभन्दा बाहिर जान पनि डर थियो", पौडेलले भन्नुभयो, "खोप लगाएपछि केही ढुक्क भयो, अब अरुनै कारणले मरिएला, कोरोनाले चाँही नमर्ने भइयो।" पौडेलले आफूजस्ता ज्येष्ठ नागरिकलाई कोरोना खोपले हदैसम्म राहत मिलेको बताउनुभयो।

"कोरोना खोप भर्खर आउला भन्ने लागेकै थिएन, तर सरकारले ज्येष्ठ नागरिकलाई छिट्टै कोरोना विरुद्धको खोपको व्यवस्थापन गरेकोमा खुशी लागेको छ", उपाध्यायले बताउनुभयो।उहाँलेखोपल्याउनेसरकार र खोप लगाउने स्वास्थ्यकर्मीलाई धन्यवादसमेत दिनुभयो । धौलागिरि अस्पतालको कोरोना खोप केन्द्रमा अहिले ज्येष्ठ नागरिक उत्साहका साथ खोप लगाउन आइरहेका छन्। बागलुङमा अहिले ६२ स्थानबाट कोरोना विरुद्धको खोप प्रदान गरिएको छ । नेपालमा कोरोना भित्रिएको ११ महिना पूरा पुग्दा खोप अभियान दोस्रो चरणमा पुगेको छ।

# चित्रेमा पूर्वाधार थप्दै घरबास सञ्चालक

**– लक्ष्मीप्रसाद सापकोटा**
**पर्वत, १ चैत (रासस)**

गाउँमा भविष्य नदेखेपछि शहर झरेका आजभोलि गाउँमा देखिन थालेका छन् । व्यवसाय सञ्चालन र सुविधाको खोजीमा शहर झर्नेलाई अचेल गाउँले मोहनी लगाउन थालेको छ।

गाउँका स्वास्थ्यचौकीमा सुविधा थपिएको छ । बजारमा पाइने सामग्री गाउँमा सहज ढङ्गले ढुवानी गर्न सकिने भएको छ । यति मात्र होइन गाउँमा अचेल पर्यटकको चहलपहल शुरु हुन थालेको छ । यस्तै एउटा उदाहरणीय गाउँ बनेको छ पर्वत जिल्लाको मोदी गाउँपालिका-८ को चित्रे । पञ्चासे लेकसँग जोडिएको चित्रे आफैँमा मनोरम गाउँ हो। चित्रेको उपल्लो भेगमा गुरुङ जातिको बसोबास छ । मिश्रित जात बस्ने चित्रेमा अन्य जातजातिका मानिसको पनि बसोबास छ। पर्वत र कास्कीको सिमाना पर्दछ पञ्चासे लेक।

यो धार्मिक र पर्यावरणीय हिसाबले पञ्चासे लेक अलौकिक लेक हो। यहाँ बहुमूल्य जडीबुटी पाइन्छन्। यो लेकको काखमा छ चित्रे। उच्च पहाडी सतहमा रहेको चित्रे पछिल्लो समय चर्चामा छ। यहाँका केही घरधुरीमा नेपालीपनका आतिथ्यता छ। केही रकम खर्च गरेर नेपालीपनको अनुभव गर्न पाइन्छ । नेपाली खाना, नेपाली बसाइँ र नेपाली संस्कृति चित्रे गाउँको विशेषता हो । गर्मी मौसममा शीतलता पाइने यो ठाउँ प्राकृति स्रोतले भरिएको छ । गाउँमा झण्डै एक दशकदेखि घरबास (हामेस्टे) सेवाको शुरुआत गरिएको छ । यो अवधिमा घरबासमा आउने पर्यटकको सङ्ख्या निकै उच्च देखिन्छ। पर्यटक गाउँमा आउन थालेपछि अहिले घरबास सेवा विस्तार गरिएको छ। पर्यटकको आवश्यकतालाई महसुस गर्दै गाउँमा 'एटेच' शौचालयसहितका कोठा निर्माण गरिएको छ। पर्यटकको सङ्ख्या उच्च भएकाले घरबास सञ्चालकले नयाँ घरको निर्माण गरी आवासगृह निर्माण गरिरहेका छन्। यो अवधिमा मात्रै एक दर्जनभन्दा बढी घर पुनर्निर्माणमा छन्। पुराना घरमा कोठा थप गर्ने र सजाउने काम गरेर उनीहरुले सुविधा सम्पन्न आवासगृह बनाउन लागेका छन्। यति मात्र होइन पोखरामा होटल व्यवसाय सञ्चालन गर्दै आइरहेका पनि अहिले गाउँमा नै घरबास सेवा सञ्चालन गर्न जुटेका छन्। होम स्टे सञ्चालक समितिका अध्यक्ष सुशीला गुरुङ भन्नुहुन्छ, "पर्यटकको सङ्ख्या बढ्न थालेपछि पोखरामा गर्ने व्यवसाय अब गाउँमै हुन थालेको छ, सडकको सहज पहुँच तथा गाउँको न्यानो आतिथ्यताका कारण चित्रेमा आउने पर्यटकको सङ्ख्या उच्च छ।" पूर्व भागमा पञ्चासे लेक र उत्तरी क्षेत्रमा टहटह देखिने हिमशृङ्खला। दक्षिण र पश्चिम क्षेत्रमा छिमेकी गाउँ। जिल्ला सदरमुकामदेखि झण्डै १८ किलोमिटरको पूर्वी दिशा। सदरमुकामदेखि करीब एक घण्टा ३० मिनेट गाडीको यात्राबाट पुग्न सकिन्छ चित्रे। "कच्ची सडकको यात्रा पार गरेर गाउँमा पुग्दा कोकिल कोइलीको आवाज र मन्दमन्द चलेको हिमालको चिसो हावामा जो कोही पनि आनन्दित हुन्छ। दुःख बिर्सन्छ। पीडा भुल्दछ र खुशीमा रमाउँछ", वडाध्यक्ष सुकबहादुर गुरुङले भन्नुभयो। स्थानीय परिकारको स्वाद र संस्कृतिको धनी छ चित्रे। 'चित्रे होम स्टे' सञ्चालनमा आएपछि चित्रे अझै चर्चामा आएको हो । "चित्रेवासीको मन पवित्र छ ", होम स्टे अध्यक्ष गुरुङले भन्नुभयो । उहाँको अगुवाइमा सिङ्गो गाउँ अघि हिँडेको छ। स्थानीय शिक्षक मधुसुदन अधिकारी गाउँका अगुवा हुनुहुन्छ। गाउँलाई पर्यटन र संस्कृतिसँग जोड्न उहाँको ठूलो योगदान छ । आतिथ्यता र सभ्यता उहाँले गाउँभरि सिकाउनुभएको छ । यतिमा मात्र चित्रेका कथा सकिँदैन । यो गाउँले पर्वतमै पहिलो सफल घरबास सञ्चालन गरेको हो। बसाइँसराइले रित्तिँदै गए पनि औपचारिक र अनौपचारिक कार्यक्रम लिएर अचेल गाउँमा पर्यटक भित्रिने गरेका छन् । सस्तो र सुलभ मूल्यमा खाना परिकार घरबासले व्यवस्थापन गरेको छ।


## रक्तादान जीवन दान



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १४ वि.पि. मार्ग चाउथेमा नवरत्नटोल बाटो ढलान गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : नवरत्नटोल बाटो ढलान**
**स्थानः पोमनपा वडा नं. १४ वि.पि.मार्ग, चाउथे**
**योजना सम्झौता मिति : २०७७/०९/१९ गते**
**योजना सुरु मितिः २०७७/०९/२१ गते**
**योजना सम्पन्न मिति : २०७७/१२/२५ गते**
**योजनाको कुल लागत : रु. १२,००,३१७।–**
**महानगरपालिकाबाट प्राप्त रकम : रु. ५,९८,०००।–**
**जनसहभागितावाट : रु. ५,९८,०००।–**
**उपभोक्ता समितिः**
**तेज बहादुर गुरुङ–अध्यक्ष**
**धर्मेन्द्र गुरुङ– सचिव**
**सुनिता बास्तोला– कोषाध्यक्ष**
**सदस्यः संगिता थापा, मिन क्षेत्री, अमृता अधिकारी, पुरुषोत्तम शर्मा**

**नवरत्न टोल बाटो ढलान निर्माण समिति**
**पोखरा - १४ वि.पि. मार्ग, चाउथे**



**पान नं ३०४७६७४४५** **दर्ता नंः ९४/०५९/०६०**

## ग्रामिण स्वावलम्बन साना किसान कृषि सहकारी संस्था लि.
## अर्जुनचौपारी-१, स्याङ्जा

## शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७७/१२/०२**

**चालु आ.व. ०७७/०७८ मा यस कार्यालयलाई 4WD Double Cab Pik Up सम्बन्धी खरीद कार्य बोलपत्रद्वारा गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत (मान्यता) प्राप्त उत्पादक फर्म कम्पनी अधिकृत विक्रेताबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक शिलबन्दी बोलपत्र आव्हान गरिएको व्यहोरा इच्छुक सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।**

**तपसिलः**

१. बोलपत्र फारम यो सूचना प्रथम पटक प्रकाशित भएको मिति ३० दिनभित्र चालु आ.व. का लागि नवीकरण भएको इजाजतपत्र, आयकर र मु.अ. कर दर्ता र आ.व. २०७६/०७७ सम्मको कर चुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक बोलपत्रदाताले यस कार्यालयबाट खरीद गर्न सकिनेछ।

२. बोलपत्र फारमका महलहरु स्पष्ट भरी प्रत्येक पानामा सहीछाप गरी शिलबन्दी खाम बाहिर कार्यालयको नाम, कार्यको विवरण र बोलपत्रदाता फर्मको नाम, ठेगाना तथा छाप लगाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ। दर्ता भएका बोलपत्रहरु सोही दिनको १:०० बजे उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधीहरु र कार्यालयका प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ।

३. बोलपत्रसाथ जमानत वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक अर्जुनचौपारी स्थित खाता नं. ३२७०१०००००२७३००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको बैंक जमानत (Bid Security) जमानत (बोलपत्र पेश गरेको अन्तिम मितिबाट १२० दिन मान्य भएको) पेश गर्नुपर्नेछ।

४. यस कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।

५. बोलपत्र सम्बन्धी कुनै कुरा बुझ्न परेमा कार्यालय समयभित्र यस कार्यालयको फोन नं.०६३–४२२०३१मा सम्पर्क राख्न सकिनेछ।

६. यस सूचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा बोलपत्र सम्बन्धी कागजात सार्वजनिक खरीद ऐन २०६३ तथा नियमावली २०६४ र अन्य प्रचलित ऐन कानून अनुसार हुनेछ।

७. शिलबन्दी बोलपत्रको कामको विवरण निम्न अनुसारको हुनुपर्नेछ।

| क्र.सं | कामको विवरण | ठेक्का नं | लागत अनुमान रू (भ्याट सहित) | धरौटी रकम रू | बोलपत्र दस्तुर (फिर्ता नहुने) |
|---|---|---|---|---|---|
| १. | Supply and Deliver 4WD Double Cab Pik Up | GSSKKSS/NCB/GOODS/02/2077/078 | ३०,००,०००।– | ७५,०००।– | ३,०००।– |

**व्यवस्थापक**